बैठक नं. १०/(२०८२-२०८३)

आज मिति २०८३ साल असार ०२ गते विहान ८:०० भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष वडा नं - १ | |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष वडा नं - २ | |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष वडा नं - ३ | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष वडा नं - ४ | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष वडा नं - ५ | |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष वडा नं - ६ | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष वडा नं - ७ | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष वडा नं - ८ | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष वडा नं - ९ | |
| १२ | श्री दल बहादुर राना | वडा अध्यक्ष वडा नं – १० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष वडा नं – ११ | |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष वडा नं – १२ | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष वडा नं – १३ | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | काली |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | डोटे |
| २४ | श्री बिष्णुहरि तिमल्सेना | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | श्री दल बहादुर घर्ती | शाखा अधिकृत | |
| २६ | श्री दिनेश खड्का | वरिष्ठ लेखा अधिकृत | |
| २७ | श्री सूर्य प्रसाद लम्साल | सूचना तथा प्रविधि अधिकृत | |
| २८ | श्री राज बहादुर सिंह | लेखा अधिकृत | |

१. आगामी वर्षको नीति, वजेट तथा कार्यक्रम स्विकृत गर्ने प्रयोजनका लागि १९ औ नगर सभा संचालन गर्न निम्नानुसार कार्यतालिका तय गरियो।

तपशिल

| क्रस | क्रियाकलाप | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | गैसस समन्वय समितीको बैठक | २०८३ असार ३ | विहान ११:०० वजे | भेरी नगरपालिकाको सभाहल |
| २ | विषयगत समितिको बैठक | २०८३ असार ५ र ६ | विहान ११:०० वजे | |
| ३ | वजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०८३ असार ७ | विहान ११:०० वजे | |
| ४ | कार्यपालिका बैठक | २०८३ असार ८ | विहान ११:०० वजे | |
| ५ | नगर सभा उद्घाटन | २०८३ असार १० | विहान ११:०० वजे | |

२. सम्भावित महामारीलाई ध्यानमा राखि रेविज खोज तथा दादुरा, झाडापखाला रोगहरु नियन्त्रण गर्ने आवश्यक भ्याक्सिन, फ्रिज तथा औषधी खरिद गर्ने प्रयोजनका लागि स्वीकृत वजेट सिमा भित्र रहि नियमानुसार खरिद गर्न कार्यालयलाई निर्देशन गर्ने।

३. यस नगरपालिका अन्तर्गत वडा नं १३ मा प्रदेश समपुरक कोषबाट वजेट भूक्तानी गरि आव २०८१।०८२ देखि निर्माणाधिन रहेको वहुवर्षिय योजना कुदु रंगशाला निर्माण कार्यको नियमानुसार जिम्मेवारी पाएको सिभिल सैना मैना जे भी सैना मैना ८ रुपन्देहीले उक्त योजनामा आवश्यक परिमाणका केही आईटमहरु छुट भएको कारण देखाई आईटम भेरिएसन गरिपाउँ भनि मिति २०८२।०८।२८ गते निवेदन पेश गरेको र उक्त निवेदन बमोजिम भेरिएसनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ बमोजिम प्रक्रिया पुरा गरी नियमानुसार के-कति वजेट तथा आइटम भेरिएसन गर्नुपर्ने हो प्रविधिक कर्मचारी ईन्जनियर श्री मोहन मल्ल तथा साइट प्राविधिक सव ईन्जिनियर (अधिकृत छैटौं) श्री पुजा गौतम मार्फत कारण र औचित्य सहितको प्राविधिक प्रतिवेदन आगामी कार्यपालिका बैठकमा पेश गर्ने र थप आवश्य निर्णय प्रक्रिया अगाडि बढाउने।

CamScanner